नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २१९ २०८० साल चैत २२ गते बिहीबार (4 Apr. 2024 Thursday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालको मुद्रास्फीति छ दशमलव, ३ पृष्ठमा : आन्तरिक किचलोले सुदूरपश्चिममा ३ पृष्ठमा : ताइवानमा शक्तिशाली ...

## मन्त्रीले ध्वनी प्रदुषण नियन्त्रणका लागि देखाए अग्रसरता

# ध्वनी प्रदुषण रोक्न प्रशासन कार्यालयसहित चारवटै सुरक्षा निकाय र स्थानीय तहलाई पत्र



**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

मधेश प्रदेश सुरक्षा समन्वय समितिका अध्यक्ष एवं गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले ध्वनी प्रदुषण नियन्त्रणका लागि अग्रसरता देखाएका छन् ।

मधेश प्रदेशमा हुने गरेको विभिन्न खालका कार्यक्रममा ठूलो अवाजमा डिजे लगायतका साउण्ड सिस्टमले ध्वनी प्रदुषण भई स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको जनगुनासो बढन थाले पछि त्यसलाई नियन्त्रणका लागि प्रदेश सरकारले अग्रसरता देखाएको हो ।

मन्त्री लेखीले ध्वनी प्रदुषणले विभिन्न खालको समस्याहरु सृजना गर्ने गरेको ठहर गर्दै नियन्त्रणका लागि हरेक पक्षवाट समन्वय र सहयोगको अपेक्षा समेत गरेका छन् । उनले जनताको गुनासोलाई सम्बोधन गर्दै तत्काल ध्वनी प्रदुषण नियन्त्रण गर्नका लागि सुरक्षा निकायका प्रमुखहरुलाई बैठकमा निर्देशन समेत दिए ।

बैठकमा जनताले गरेका गुनासाहरु सुनाँउदै मन्त्री लेखीले ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई विभिन्न खालका समस्या हुनुको साथ साथै एसइईका विद्यार्थीहरुलाई पठन पाठनमा समेत समस्या भइरहेकोले नियन्त्रणका लागि आवश्यक कदम लिनका लागि मन्त्रालय मातहतका निकायहरुलाई निर्देशन दिए ।

बैठकवाट ध्वनी प्रदुषण रोक्नका लागि प्रदेशभरीका जिल्ला प्रशासन कार्यालय, चारवटै सुरक्षा निकाय र प्रदेश भरीका स्थानीयतहलाई पत्रपठाउने निर्णयसहित पत्र पठाइएको मन्त्री लेखीले जानकारी दिए ।

मन्त्रालयले गरेका निर्णयलाई अटेर गर्नेलाई कानून अनुसारको कारवाही प्रक्रिया अगाडी बढाइने समेत बताइएको छ । गृह, सञ्चार तथा कानून मन्त्रालय समालेको केही दिनमै एक पछि अर्को गरी जनगुनासालाई सम्बोधन गर्न थालिएपछि मन्त्री लेखीले केही गर्ला भने मधेशको जनतामा आशा पलाएको छ ।

## आगलागीबाट ९ घर नष्ट, १६ लाखको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

सप्तरीको छिन्नमस्ता गाउपालिका ३ सखडमा मंगलवार साँझ भएको आगलागीमा ९ वटा घर जलेर नष्ट हुँदा १६ लाख मुल्य बराबरको क्षति भएको छ ।

८० वर्षिय बृद्ध गंगाराम साहको २, नीजको जेठो छोरा राम कुमारको ५ तथा कान्छो छोरा विन्दुकुमारको २ गरी ९ वटा घर पुर्णरुपमा जलेर नष्ट भएको हो ।

नजिकै रहेको बाँसघारीमा लागेको आगो बाबु छोराको लस्करै रहेका घरहरुमा विद्युतिय गतिमा फैलिदा भाडाँकुडा, खाद्यन्न, फर्निचर, मोबाईल, टेलीभिजन, गरगहना र नगदका साथै टिनको छानो भएको ९ वटै घर जलेर नष्ट भएको पिडीतहरुले जानकारी दिएका छन् ।

राम कुमारकी पत्नी कंचनदेवीले फलामे दराज भित्रका गरगहना र नगद समेत सबै जलेर नष्ट हुदा आफुहरुको विचल्ली भएको सुनाईन । आगलागीले उनको मात्रै ९ लाख २५ हजार बराबरको क्षती भएको छ ।

स्थानीयवासी, प्रहरी र हनुमान नगरकंकालिनी नगरपालिकाको बारुणयन्त्रको मद्दतले २ घण्टाको प्रयास पछि आगो माथि नियन्त्रण कायम गर्न सकिएको प्रहरीले जनाएको छ ।

## दिपाको रहस्यमय मृत्यु प्रकरणमा थप एक आरोपी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

भारतमा रहस्यमय मृत्यु भएको सप्तरीको छिन्नमस्ता गाउपालिका ७ की १५ वर्षिया दिपा यादवको प्रकरणमा अनुसन्धानका लागी प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा विष्णुपुर गाउँपालिका ४ निवासी ३० वर्षिय कृष्ण कुमार यादव रहेको प्रहरीले जनाएको छ ।

भारतबाट घर फर्केको बेला अघिल्लो दिन उनलाई गाउँबाटै पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

दिपाको गत मंसिर ३० गते भारतको राजधानी नयाँ दिल्लीमा रहस्यमय मृत्यु भएको थियो । उनको मृत शरीर दिल्लीस्थित लाजपतनगरमा एउटा कोठामा दिल्ली प्रहरीले वरामद गरेको थियो । उक्त कोठा भाडामा लिई वस्दै आएका सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ का रोशन मण्डललाई सोही दिन दिल्ली प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

पछिल्लो पटक नेपाल प्रहरीले पक्राउ गरेका कृष्ण उनकै साथी हुन । दीपा वेपत्ता भएकै दिनदेखि लगातार रोशन र कृष्ण फोन सम्पर्कमा रहेको कृष्णले बोकेको मोबाइल कल डिटेलबाट देखिएको बताइएको छ ।

रोशनका आफन्तले दीपा र रोशनबीच प्रेम सम्बन्ध रहेको र सोही क्रममा दीपा स्वेच्छाले दिल्ली भागी प्रेम विवाह गरेको दाबी गर्दै आएका छन् ।



दिल्ली वसाई कै क्रममा गत मंसिर ३० गते दुवै बीच समान्य विवाद हुदा आवेशमा आई दीपाले फुण्डिएर आत्महत्या गरेको समेत रोशनका अभिभावकहरुले बताउँदै आएका छन् । तर, दिपाका अभिभावकले त्यो आत्महत्या नभई हत्या नै भएको दाबी गर्दै आएको छ ।

राजविराज ७ स्थित रोज पब्लिक स्कूलबाट गत वर्ष माध्यमिक शिक्षा परिक्षा (एसइई) दिएकी १५ वर्षिय दीपाको गत जेठ २० गते रोशन र कृष्णसहित मोटरसाईकलमा चढी आएका ४ जना युवाले अपहरण गरी लगेको मामा चन्द्र शेखरले बताउँदै आएका छन ।

सो बारे चार जना विरुद्ध मामा चन्द्र शेखरले जिल्ला प्रहरी कार्यालयमा प्रथम पटक अपहरण, शरिर बन्धक, जवरजस्ती करणी र मानव वेच विखन कसुरमा जाहेरी दिएका थिए । तर भान्जीको मृत्यु भए पश्चात उनले ती चारै जना विरुद्ध कतर्व्य ज्यान मुदा चलाउन समेत उजुरी दिएका छन् ।

प्रहरीले सो उजुरी दर्ता गर्न आलटाल गरेपछि दीपाका अभिभावहरुले न्याय खोज्दै उच्च अदालत जनकपुर-राजविराज इजलाश पुगेका थिए ।

सो रिट उपर सुनवाई गर्दै न्यायधिश मुनेन्द्र प्रसाद अवस्थी र विमल सुवेदीको संयुक्त इजलाशले २०८० असोज १२ गते परमादेश जारी गरेको थियो । परमादेश पछि प्रहरीले सक्रियता देखाउदै आरोपीलाई पक्राउ गर्न थालेको हो । नावालिकालाई अपहरण गरी हत्या गरिएको भन्दै दीपाका आफन्तले रोशन र कृष्ण संगै डाक्नेश्वरी नगरपालिका ६ का सूर्य नारायण मण्डल र सकुन्तला देवी मण्डल विरुद्ध पनि प्रहरीमा किटानी जाहेरी दिएका छन् ।

## बिटौरी जग्गा समस्याको विषयमा सरकारलाई ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

सप्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य एवं नेपाली कांग्रेसका केन्द्रिय सदस्य दिनेश कुमार यादवले बुधबार प्रतिनिधिसभा बैठकमा वर्षौदेखी राजविराजवासीले भोग्दै आएको बिटौरी जग्गा समस्याको विषयमा सरकारलाई ध्यानाकर्षण गराएका छन् ।

उनले बिटौरी रसिद काटेकै भरमा भोग चलन गर्दै आएका पाँच हजार घरपरिवारलाई अविलम्ब लालपूर्जा उपलब्ध गराउन पहलका लागि सरकारको गम्भिर ध्यानाकर्षण गराएका छन् ।

बुबा बाजेको पालादेखी रहेको आफ्नो जग्गा समस्या पर्दा बिक्रि बितरण गर्न र बैंकमा राखेर ऋण समेत लिन नपाउँदा भ्रण्डै ५ हजार परिवार समस्यामा रहेको बारे उनले सरकारलाई ध्यानाकर्षण गराए ।

राजविराज नगरपालिकाले यस अघि बिटौरी जग्गाको कर लिदा सोही रसिदको आधारमा जग्गाधनीले समस्या पर्दा बिक्रि तथा बैंक र वित्तिय संस्थामा जग्गा धितो राखेर ऋण लिने गरेकामा विगत ८ वर्षदेखी सो रोकिदा ५

*बाँकी तीन पृष्ठमा*



# आवश्यकता

यस पि.पि.आर. कम्पनी प्रा.लि. का लागि सप्तरी वरिपरीका क्षेत्रमा सक्रिय एवं योग्य Medical Represntative कर्मचारीहरुको आवश्यकता भएकोले ईच्छुक महिला वा पुरुषले आ-आफ्नो सबै शैक्षिक प्रमाणपत्रहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस संस्थाको शाखा कार्यालय जनकपुरधाम हस्पिटल रोडमा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक योग्यता**

– विज्ञान विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ।
– मोटरसाइकल चालक अनुमतिपत्र (लाइसेन्स) भएको ।
– सम्वन्धित क्षेत्रको ज्ञान तथा अनुभविलाई बढी ग्राहयता दिइने छ ।

***नोट :***

– मेडिकल क्षेत्रका HA, Nursing, Pharmacy आदि उत्तिर्ण गरेका उम्मेदवारहरुले पनि निवेदन दिन सक्नेछन् ।
– तलब तथा अन्य सुविधाहरु आपसी समभ्रुदारीमा तय गरिनेछ ।

**सम्पर्क**
**शाखा कार्यालय जनकपुरधाम**
**हस्पिटल रोड**
**मो. नं. ९८१७८८१८९०**

## सम्पादकीय ....

### ध्वनी प्रदुषण रोक्नु आवश्यक

बढ्दै गएको ध्वनी प्रदुषणले अहिले सामान्य जनजिवन प्रभावित बन्दै गएको छ। ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई विभिन्न खालका समस्या हुनुको साथ साथै हाल संचालित एसइई र विभिन्न परिक्षाका विद्यार्थीहरुलाई पठन पाठनमा समेत समस्या भइरहेको छ। अहिले सबैभन्दा बढी धार्मिक कार्यक्रमहरुका कारण ध्वनी प्रदुषण भइरहेको छ। राती अबेरसम्म र एका बिहानैदेखी ठूला ठूला स्वरमा लाउडस्पिकर बजाएर धार्मिक गित तथा प्रवचन बजाइने गरिन्छ। सप्तरी सदरमुकाम राजविराजमा अहिले ध्वनी प्रदुषण निकै बढेको छ। धार्मिक कार्यक्रम, बैवाहिक कार्यक्रम वा कुनै उत्सव होस् वा प्रवचनको नाममा ध्वनी प्रदुषण बढेको हो।

एक दशकअघि जिल्ला प्रशासन कार्यालयसहित बिभिन्न सरकारी निकायको नाममा अदालतले ध्वनी प्रदुषण रोक्न निर्देशनरुपी फैसला सुनाएको थियो। तर त्यो फैसलाको कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेकोले हाल ध्वनी प्रदुषणले झनै प्रोत्साहन पाएको छ। यसरी अदालतको फैसला कार्यान्वयन नहुनु आफैमा दुःखद पक्ष हो। अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडी नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर बजाउने कार्य जारी नै रहेको छ। विगतमा प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि हाल मुख्य चौकहरुमा ठूलो आवाजमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन्।

ध्वनी प्रदुषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै मुटुरा रोगी, बालबालिकालाई बढी जोखिम हुने गरेको छ। यसले रातीको निन्द्रा बिगार्ने काम समेत गर्दछ। तसर्थ यस्ता कार्यलाई रोक्न सम्बन्धित निकायले गम्भिरतापूर्वक ध्यान दिई विगतमा अदालतले गरेको आदेशलाई कार्यान्वयन गर्नेतर्फ आवश्यक कदम चाल्नु जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालको मुद्रास्फीति छ दशमलव सात प्रतिशत रहने विश्व बैंकको प्रक्षेपण

काठमाडौँ, २१ चैत (रासस)।

विश्व बैंकले सन् २०२४ मा नेपालको उपभोक्ता मुद्रास्फीति अधिकतम छ दशमलव सात प्रतिशतसम्म रहने प्रक्षेपण गरेको छ।

विश्व बैंकले सार्वर्बा जनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट, अप्रिल २०२४' अनुसार आगामी वर्ष अर्थात् सन् २०२५ मा भने मुद्रास्फीति छ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। चालु आर्थिक वर्षको बजेटबाट सरकारले केही वस्तुको मूल्यअभिवृद्धि कर (भ्याट) मा छुट दिएकोमा त्यसले पनि मुद्रास्फीति बढाएको उल्लेख छ।

विश्व बैंकले औसत मुद्रास्फीति गतवर्ष आठ प्रतिशतबाट यसवर्ष छ दशमलव सात प्रतिशत हाराहारी रहने प्रक्षेपण गरेको छ। यस वर्ष खाद्य तथा पेय पदार्थको मुद्रास्फीति भने बढेको छ। चामल निर्यातमा भारतले लगाएको प्रतिबन्ध र मरमसलामा देखिएको मूल्यवृद्धिको असर समग्र समग्र मुद्रास्फीतिमा देखिएको छ।

प्रतिवेदनमा नेपालको सेवा क्षेत्रमा सुधार देखिएका कारण आर्थिक वृद्धिदर गत वर्षको सुरुआती छ महिनाको तुलनामा यसवर्षको सोही अवधिमा बढेको छ।

पर्यटक आगमनमा भएको वृद्धिले होटल तथा आवास क्षेत्रमा उल्लेख्य सुधार देखिएको तथा बीमा क्षेत्रका गतिविधि बढेको प्रतिवेदनमा उल्लेख छ। अर्थतन्त्र सुधार देखिनुमा औद्योगिक क्षेत्र, जलविद्युत् उत्पादन र कृषि क्षेत्रमा धानको उत्पादन बढ्नुलाई मुख्य कारण मानिएको छ। अहिले थोक तथा खुद्रा व्यापारमा भने सङ्कुचन देखिएको प्रतिवेदनमा उल्लेख छ।

गतवर्ष अर्थात् सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत रहेकोमा यसवर्ष तीन दशमलव तीन प्रतिशत र आगामी वर्ष अर्थात् सन् २०२५ मा औसत पाँच प्रतिशत हाराहारी रहने प्रक्षेपण विश्व बैंकको छ।

यसअघि विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट्स, जनवरी २०२४' मार्फत् वर्ष २०२३/२४ मा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत र वर्ष २०२४/२५ मा पाँच प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको थियो। तर अहिले उक्त अनुमान घटाएको छ।

उपभोग बढ्दा वस्तु तथा सेवाको आन्तरिक माग बढेको र यसलाई विप्रेषण आप्रवाहले धानेको देखिएको छ। यद्यपि, विप्रेषणमा देखिएको वृद्धिको अनुपातमा माग भने बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, निजी क्षेत्रको लगानी र राजस्व सङ्कलन घटेको देखिएको छ।

विदेशी मुद्राको सञ्चिति ऐतिहासिक उच्च बिन्दुमा पुगेर भुक्तानी सन्तुलन कायम भएको र बाह्य क्षेत्र सहज हुनुका पछाडि रेमिट्यान्स बढ्नु र व्यापार घाटा कम हुनुलाई मुख्य कारण मानिएको छ।

सन् २०२३ को अर्धवार्षिक अवधिमा चालु खाता घाटा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को शून्य दशमलव सात प्रतिशतले घाटामा रहेकोमा सन् २०२४ को सोहि अवधिमा भने दुई दशमलव सात प्रतिशतले नाफामा रहेको देखिएको छ। चालु खाता नाफामा जानुका पछाडि पनि विप्रेषण बढ्नु र व्यापार घाटा घट्नुलाई मुख्य कारणका रूपमा लिइएको छ।

चालु वर्षको अर्धवार्षिक अवधिमा रेमिट्यान्स आप्रवाह जिडिपीको तुलनामा १० दशमलव नौ प्रतिशतबाट बढेर १२ दशमलव तीन प्रतिशत पुगेको र व्यापार घाटा जिडिपीको १३ दशमलव दुई प्रतिशतबाट घटेर ११ दशमलव छ प्रतिशत रहेको विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ।

वस्तु आयात घटेपनि न्यून करका कारण विद्युतीय सवारी साधनको आयात भने निकै बढेको छ। सेवा आयात कोभिड महामारी पूर्वको अवस्था भन्दा बढेको छ। जबकि, नेपालको निर्यात भने थोरै मात्र बढेको छ भने महामारी पूर्वको अवस्थामा अझै पुगिसकेको छैन।

विभिन्न चुनौतीका बाबजुद पनि बैंकिङ क्षेत्र स्थिर र नाफाको अवस्थामा देखिएको छ। खराब कर्जा बढेको छ। औसत पूँजी पर्याप्तता अनुपात नियामक नेपाल राष्ट्र बैंकले तोकेको भन्दा बढी रहेको छ भने तरलता बढेको छ। ऋण 'प्रोभिजनिङ' तथा पुनःसंरचनामार्फत् बैंकहरूको नाफा थप घट्न नदिन प्रयास गरिएको प्रतिवेदनमा उल्लेख छ।

पूँजीगत खर्च बढाउने र भन्सार राजस्वमा आधारित निर्भरतालाई घटाउँदै लगेर आर्थिक वृद्धि हासिल गर्न सकिने विश्व बैंकले औंल्याएको छ। निजी क्षेत्रको आत्मबल तथा लगानी बढाउन मौद्रिक नीति सहज र सुदृढ हुनुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ।

# डेङ्गुप्रति सचेतना अपनाउन आग्रह

काठमाडौँ, २१ चैत (रासस)।

गर्मीयाम सुरु भएसँगै डेङ्गुको जोखिम पनि बढ्न थालेको छ। गर्मी बढेसँगै मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टेले डेङ्गुको सङ्क्रमण गराउने भएकाले जोखिम बढ्दै गएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले गर्मीसँगै पानी पनि पर्न सुरु हुने भएकाले डेङ्गुको जोखिम बढ्ने बताउनुभयो। डेङ्गुको सङ्क्रमणबाट बच्न सचेतना अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

"गर्मीसँगै पानी सङ्कलन गरेर राख्ने गरिन्छ। यसरी सङ्कलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ। सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ", डा दाहालले भन्नुभयो। उहाँले जोखिम हुने ठाउँको पहिचान गरेर लामखुट्टे मार्न अभियान सञ्चालनका लागि स्थानीय तहलाई निर्देशन दिइसकिएको बताउनुभयो।

"माघयता डेङ्गु देखिएका ३३ स्थानीय तहलाई पत्राचार गरेर लामखुट्टे खोज र नष्ट अभियान सञ्चालन गर्न निर्देशन दिएका छौँ", डा दाहालले भन्नुभयो, "अन्य स्थानीय तहलाई पनि डेङ्गुबारे सचेतना जगाउन आग्रह गरेका छौँ।" उहाँका अनुसार डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेमा डेङ्गु लाग्दछ।

डेङ्गु हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने,पिँडौलाको मासु दुख्नेलगायत लक्षण देखा पर्ने भन्दै डा दाहालले लक्षण देखा परेमा तत्काल चिकित्सकको सल्लाह लिन आग्रह गर्नुभयो। लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्ने, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न उहाँले अनुरोध गर्नुभयो।

"सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्ने, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्ने र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न दिनुहुँदैन", इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा दाहालले भन्नुभयो।

उहाँका अनुसार सन् २०२३ मा करिब ५१ हजार एक सय ४३ र सन् २०२२ मा ५४ हजार ६ सय ३० जनामा डेङ्गु देखिएको थियो। नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो। सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन्। त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# आन्तरिक किचलोले सुदूरपश्चिममा नागरिक उन्मुक्ति पार्टीको दुईवटा ह्विप

सुदूरपश्चिम, २१ चैत (रासस)।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीले विश्वासको मत लिने तयारी गरिरहँदा नागरिक उन्मुक्ति पार्टी (नाउपा)का तर्फबाट पक्ष र विपक्षमा मत दिन र नदिन छुट्टाछुट्टै निर्देशन (ह्विप) जारी गरिएको छ।

पार्टीका केन्द्रीय अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले मुख्यमन्त्री कमलबहादुर शाहले यही चैत २२ गते बिहीबार प्रदेशसभाबाट लिन लाग्नुभएको विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन दिनुभएको छ। पार्टीका अध्यक्षद्वारा हस्ताक्षरित पत्रमा नाउपा, सुदूरपश्चिम प्रदेश संसदीय दलको विधान केन्द्रीय कमिटीबाट पास नभएको र संसदीय दलको नेताको रुपमा घनश्याम चौधरीले काम गरे पनि प्रदेशसभाको महत्वपूर्ण निर्णयमा पार्टीको केन्द्रिय अध्यक्षलाई ह्विप लगाउने अधिकार भएकाले मुख्यमन्त्रीले लिन लागेको विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन गरिएको उल्लेख छ।

अध्यक्षको पत्र सार्वजनिक भएलगत्तै सुदूरपश्चिम प्रदेशसभा, नागरिक उन्मुक्ति पार्टी, संसदीय दलका प्रमुख सचेतक खुशीराम डगौराथारुले मुख्यमन्त्रीले लिने विश्वासको मतको पक्षमा मतदान गर्न प्रदेशसभाका सदस्य बुधबार अर्को निर्देशन (ह्विप) जारी गर्नुभएको छ।

प्रमुख सचेतक डगौराथारुले जारी गर्नुभएको पत्रमा यही चैत २२ गते दिउँसो ३ बजे बस्ने प्रदेशसभाको बैठकमा मुख्यमन्त्रीले आफूमाथि विश्वासको मत छ भनी पेस गर्नुहुने प्रस्तावको पक्षमा अनिवार्य उपस्थित भई मतदान गर्न र तटस्थ नबस्न राजनीतिक दलसम्बन्धी ऐनबमोजिम निर्देशन (ह्विप) जारी गरिएको उल्लेख छ। उहाँ सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीसमेत हुनुहुन्छ।

प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री एवं नाउपाकी नेत्री इन्दिरा गिरीलाई पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले कारबाही गर्नुभएको छ।

पार्टील सोधेको स्पष्टीकरणको जवाफ नदिएको भन्दै प्रदेशसभा सदस्य गिरीलाई कारबाही गरिएको पार्टी अध्यक्षद्वारा जारी पत्रमा उल्लेख गरिएको छ। गिरी पार्टीका समानुपातिक सांसद हुनुहुन्छ।

सो पार्टीका संसदीय दलका नेता एवं आर्थिक मामिला मन्त्री घनश्याम चौधरीले सिधै कारबाही गर्ने अधिकार केन्द्रिय अध्यक्षलाइ नभएको बताउनुभयो। "दलको नेता आफू रहेकोले कसैलाई कारबाही गरिएको छैन", उहाँले भन्नुभयो, "संसदीय दलको तर्फबाट जारी भएको ह्विपअनुसार मुख्यमन्त्रीको पक्षमा मतजाहेर नगर्नेलाई कारबाही हुन्छ।" मुख्यमन्त्रीले भोलि चैत २२ गते प्रदेशसभाबाट विश्वासको मत लिनुहुने कार्यसूची छ।

### *बिटौरी जग्गा ...*

हजार भन्दा बढी परिवार प्रभावित भई कष्टकर जिवन बिताउन बाध्य भएको उनको भनाई थियो।

उनले सप्तरीको ग्रामिण क्षेत्रमा खानेपानीको समस्या बारे सरकारको ध्यानाकर्षण गराउँदै अहिले अधिकांश ट्युवेलहरु सुक्न थालेकोले अगामी दिनमा अझै पानीको संकट हुन नदिन समयमै त्यसको समाधान गर्नु पर्ने आवश्यकता औंल्याए।

भारतीय सीमादेखी गाईघाटसम्म जोड्ने गरी थालिएको शम्भुनाथ-बनैनिया-गाईघाट सडक वर्षौंदेखी अलपत्र रहेको भन्दै उनले बजेट व्यवस्था गरी अविलम्ब काम सूचारु गराउन सरकारको ध्यानाकर्षण गराए।

त्यस्तै प्रतिनिधि सभाको बैठकमा उनले राजविराजस्थित देशकै पुरानो मध्येका एक गजेन्द्र नारायण सिंह अस्पतालमा आवश्यकता अनुसारको चिकित्सक र उपकरण नहुँदा स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको भन्दै उक्त विषयमा सरकारको गम्भिर ध्यान जानु पर्ने बताए।


डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
website: dakneshworimun.gov.np
email :info@dakneshworimun.gov.np
पातो, सप्तरी
Pato, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.सं. २०८०/०८१ मितिः २०८०।१२।२०

विषयः उपभोक्ता समिति गठनको लागि पुनः सूचना प्रकाशन गरिएको बारे।

प्रस्तुत विषयमा डाक्नेश्वरी नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा तपसिल अनुसार संचालन हुने नगर स्तरीय पूर्वाधार विकास तर्फको योजनाको मिति २०८०।१२।२४ गते प्रथम पटक प्रकाशित गरिएको सूचनामा केही प्राविधिक त्रुटि रहेको हुनाले सच्याई पुनः सूचना प्रकाशित गरिएको सर्वसाधारणमा जानकारी गराइन्छ।

तपसिल

| सि. नं. | योजनाको नाम | विनियोजित रकम | मिति | स्थान | समय | उपभोक्ता समिति गठन गर्न खटिने कर्मचारी |
|---|---|---|---|---|---|---|
| ६ | "वडा नं. 8, सिताराम मुखियाको घर देखि पुर्व राम अशिष मुखियाको घरि हुदै बालेश्वर यादवको सिमाना सम्म RCC ढलान कार्य तथा नाला निमार्ण कार्य" | १२,००,०००.०० | २०८०।१२।२१ | राम अशिष मुखियाको घर अगाडी | दिनको ११ बजे | श्री संजय कुमार यादव (सब-इन्जिनियर) |
| २२ | डाक्नेश्वरी वडा नं. ७ ललितपुर टोलको दुःखी सरदार घरको उत्तर पोखरी डिलमा वाटो सुरक्षा वाल | १०,००,०००.०० | २०८०।१२।२३ | दुखी सरदारको घर अगाडी | दिनको १० बजे | श्री संजय कुमार यादव (सब-इन्जिनियर) |
| ३९ | वडा नं. 7, बुदि साहको घर अगाडी RCC ढलान कार्य | ४,००,०००.०० | २०८०।१२।२६ | शिवराम ठाकुर घर अगाडी | दिनको २ बजे | श्री संजय कुमार यादव (सब-इन्जिनियर) |
| ४५ | वडा नं ८ साविक वडा नं. ७ को जोगिन्द्र साहको घरदेखी पूर्व हुँदै नन्दकिशोर साहको घरसम्म माटो ग्राभेल कार्य | २,५०,०००.०० | २०८०।१२।२७ | जोगेन्द्र साहको घर अगाडी | दिनको ११ बजे | श्री संगिता कुमारी यादव (अ.सब-इन्जिनियर) |
| ४७ | नगर भित्र विभिन्न कृषि विद्युतिकरणको लागि | २०,००,०००.०० | २०८०।१२।२७ | वडा कार्यालय वडा नं. ८ | दिनको २ बजे | श्री संजय कुमार यादव (सब-इन्जिनियर) |
| ४९ | वडा नं. ८ गम्हरीया चौरीमा कृषिको लागी २ वटा बोरिंग जडान | २,५०,०००.०० | २०८०।१२।२८ | गम्हरिया चौरीको रामदेव मुखियाको घर अगाडी | दिनको ११ बजे | श्री संगिता कुमारी यादव (अ.सब-इन्जिनियर) |
| ५३ | नगरभित्र समरसियल बोरिङ्ग जडान कार्य | १५,००,०००.०० | २०८०।१२।२८ | वडा नं. ८ को कार्यालय | दिनको ११ बजे | श्री संजय कुमार यादव (सब-इन्जिनियर) |

(कुन्दन कुमार कर्ण)
प्रमुख प्रशासकी अधिकृत
प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

# ताइवानमा शक्तिशाली भूकम्पपछि सुनामीको चेतावनी

टोकियो, २१ चैत (रासस/सिन्ह्वा)।

ताइवानको पूर्वी तटीय क्षेत्रमा बुधबार ७ दशमलब ४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ। भूकम्पका कारण ताइवानसँगै चीन, जापान, फिलिपिन्समा सुनामी आउन सक्ने प्रारम्भिक चेतावनी जापानको मौसम पूर्वानुमानसम्बन्धी निकायले जारी गरेको छ। ताइवानको ख्वालिएन शहरदेखि करिब १८ किलोमिटर टाढा केन्द्रबिन्दु बनाई भूकम्प गएको अमेरिकी भौगर्भिक अध्ययन निकाय (यूएसजीएस) ले जनाएको छ। ताइवानी अधिकारीहरूका अनुसार यो भूकम्प ताइवानमा २५ वर्षयताकै सबैभन्दा शक्तिशाली रहेको बताएका छन्।

चीनको दक्षिण-पूर्वी फुजिएन प्रान्तका कतिपय हिस्सामा भूकम्पको धक्का महसुस गरिएको छ। बुधबारको भूकम्पपछि अहिलेसम्म ४ म्याग्निच्युड अथवा सोभन्दा ठूला नौवटा परकम्प गइसकेका अधिकारीहरूले बताएका छन्। भूकम्पका कारण भएको क्षतिको विवरण सङ्कलन भइरहेको बताइएको छ। आवासीय भवनहरू भत्केका र मानिसहरूलाई उनीहरूका घर एवम् विद्यालयबाट उद्धार गर्दै गरिएका दृश्य देखिने भिडियो तथा तस्वीर स्थानीय सञ्चारमाध्यमले देखाएका छन्।

ताइवानमा भूकम्पका कारण पहाडी भेगमा निकै ठाउँमा पहिरो गएको छ। जापानको दक्षिण-पश्चिमी क्षेत्रको ठूलो हिस्सामा सुनामीले ३ मिटर उचाइसम्म छाल निम्त्याउन सक्ने अनुमान गरिएको त्यहाँको मौसमसम्बन्धी निकायले जनाए पनि पछि यसलाई संशोधन गर्दै कुनै ठूलो सुनामीको जोखिम नरहेको बताएको छ। चीनको दक्षिण-पूर्वी फुजिएन प्रान्तका कतिपय हिस्सामा भूकम्पको धक्का महसुस गरिएको त्यहाँको सरकारी सञ्चारमाध्यमले जनाएको छ। सन १९९९ को सेप्टेम्बरमा ताइवानमा ७ दशमलब ६ म्याग्निच्यूडको विनाशकारी भूकम्प जाँदा दुई हजार ४०० व्यक्तिको ज्यान गएको थियो।

# भारतमा १३ जना माओवादीको मृत्यु

नयाँदिल्ली, २१ चैत (रासस/एएफपी)।

मध्य भारतमा भएको झडपमा कम्तीमा १३ जना माओवादी विद्रोहीको मृत्यु भएको प्रहरीले बुधबार जनाएको छ। छत्तीसगढ राज्यको बिजापुर जिल्लाको दुर्गम जङ्गलमा मङ्गलबार सुरक्षा बलसँग गोली हानाहान भएको थियो। स्थानीय प्रहरी प्रमुख पी सुन्दरराजले अधिकारीहरूले राइफल, मेसिन गन र गोलाबारुद ठूलो परिणममा जफत गरेको बताउनु भएको छ। मृतकहरुको पहिचान हुन बाँकी रहेको बताउँदै सुन्दरराजले मृतकमध्ये तीन जना महिला रहेको बताउनु भएको छ। प्रहरीले उपलब्ध गराएको तथ्याङ्क अनुसार यस वर्ष भारतमा ५० जना भन्दा बढी माओवादी मारिएका छन् जसमध्ये सबैभन्दा बढी ४६ जना छत्तीसगढमा र अन्य चार महाराष्ट्र राज्यमा मारिएका छन्। मध्य, दक्षिणी र पूर्वी राज्यहरूमा फैलिएको विद्रोही बहुल "रेड करिडोर" मा माओवादी विद्रोहीहरूसँग लड्न भारतले दशौं हजार सुरक्षाकर्मी तैनाथ गरेको छ।

नक्सलवादी भनेर चिनिने र ग्रामीण गरिबहरूका लागि लडिरहेका विद्रोहीहरूले सन् १९६७ देखि छापामार आक्रमण गरिरहेका छन्। भारत सरकारले दुर्गम क्षेत्रहरूमा पूर्वाधार विकासमा लाखौं डलर खर्च गरेको छ। सन् २०१० मा ९६ जिल्लामा फैलिएको माओवादी प्रभाव सन् २०२३ मा ४५ जिल्लामा सीमित भएको छ। सरकारी तथ्याङ्क अनुसार गत दशकमा मारिएका विद्रोहीहरूको वार्षिक सङ्ख्या दुई तिहाइभन्दा बढीले घटेको छ। भारतमा आगामी अप्रिल १९ देखि लोकसभाका लागि छ हप्ता लामो आमनिर्वाचन हुँदैछ।

# राहुल गान्धीद्वारा वायनाडबाट उम्मेदवारी दर्ता

नयाँदिल्ली, २१ चैत (रासस/एएफपी)।

भारतमा आगामी लोकसभाका लागि हुन लागेको आमनिर्वाचनका लागि विपक्षी नेता राहुल गान्धीले केरलाको वायनाडबाट उम्मेदवारी दर्ता गराउनु भएको छ। उम्मेदवारी दर्ताका क्रममा गान्धीका हजारौं समर्थक उहाँकै साथमा निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए। गान्धी परिवारको लामो विरासत बोकेका ५३ वर्षीय राहुल गान्धीको काँग्रेस आई पार्टी पछिल्ला दुई आमनिर्वाचनमा नराम्रोसँग पराजित भएको थियो। यसपटकको चुनावमा पनि भारतीय जनता पार्टीका तर्फबाट चुनावी मैदानमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीसामु काँग्रेस आई कमजोर रहेको सर्वेक्षणहरुले देखाएका छन्। मोदी विरोधी मोर्चाको नेतृत्व गरिरहेका राहुल गान्धीलाई यसपटक पनि बहुमत ल्याउनु फलामको च्यूरा चपाएसरह रहेको छ।

तैपनि दक्षिणी राज्य केरलाको वायनाडमा उहाँको समर्थनमा धेरै मानिस उपस्थित भएका छन्। बहिनी प्रियङ्का गान्धी सहित वायनाड पुगेका राहुल गान्धीले आफ्ना समर्थकलाई सम्बोधन गर्दै आफूले आमजनतालाई आफ्नै परिवारसरह मान्ने गरेको बताउनु भएको थियो। वायनाडमा यो उहाँको दोस्रो उम्मेदवारी हो। उहाँ सन् २०१९ मा यही क्षेत्रबाट लोकसभा सांसदमा निर्वाचित हुनु भएको थियो। तर केही समयअघि उहाँले प्रधानमन्त्री मोदी लक्षित गलत टिप्पणी गरेको आरोपमा अदालतको आदेशबाटै सांसद पद गुमाउनु परेको थियो। भारतमा आगामी अप्रिल १९ बाट छ हप्ता लामो शृंखलाबद्ध चुनाव हुँदैछ जसमा झण्डै एक अर्बले मतदान गर्नेछन्।

# कुमारीले मनायो वार्षिकोत्सव




**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

कुमारी बैंक लि. ले बुधबार आफ्नो स्थापनाको २३औं वार्षिकोत्सव मनाएको छ। सो बैंकको राजविराज शाखाले आफ्ना ग्राहकबीच केक काटेर वार्षिकोत्सव मनाएको हो।

सो अवसरमा आयोजित कार्यक्रममा बैंकका शाखा प्रबन्धक राहुल कुमार गुप्ताले वि.स. २०७७ साल कात्तिक २ गते राजविराज शाखा स्थापना भएको छोटो अवधीमा ग्राहकहरुले बैंकप्रति देखाएको माया र विश्वासप्रति आभार व्यक्त गरे।

बैंकले गजबको बचत खाता योजनामार्फत एक वर्षसम्म मोबाइल बैकिङ, डेबिट कार्ड र कुमारी बैंकको एटिएम कार्डबाट जुनसुकै बैंकको एटिएमबाट बिनाशुल्क रकम निकाल्न पाउने सुविधा रहेको उनले जनाए। त्यस्तै न्युनतम एक हजार ब्यालेन्स रहेको खातामा २० हजारसम्मको स्वास्थ्य बिमाको व्यवस्था समेत रहेको उनको भनाई छ।

यस्तै नयाँ वर्षलाई लक्षित गरि केही समयका लागि शेयर सम्बन्धी डिमेट र मेरो शेयरको निशुल्क रजिष्ट्रेशनको व्यवस्था समेत गरिएको उनले बताए।

जिल्लाको विष्णुपुर गाउँपालिकामा बैंकको अर्को शाखा र राजविराजस्थित यातायात व्यवस्था कार्यालयमा एक्स्टेन्सन काउन्टर संचालन रहेको छ भने राजविराज शाखामा प्रबन्धकसहित ८ जना कर्मचारी कार्यरत छन्।

# वडा सदस्यको निधनमा शोक विदा

**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ का वडा सदस्य तथा गाउँपालिकाको न्यायिक समितिका सदस्य राजेन्द्र प्रसाद राय अमातको निधन भएको छ।

लामो समयदेखि बिरामी रहेका ७० वर्षिय रायको विराटनगरस्थित विराट टिचिंग अस्पतालमा उपचारको क्रममा मंगलबार राती निधन भएको हो।

वडा सदस्य रायको निधनप्रति गहिरो दुःख प्रकट



गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले दिवंगत आत्माको चीर शान्तिको कामना गरेका छन्।

न्यायिक समितिमा रही निजले न्याय सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको भन्दै अध्यक्ष मण्डलले शोक विज्ञप्ति जारी गरी रायको निधनले अपूरणीय क्षति भएको जनाएका छन्। गाउँपालिका तथा मातहतका कार्यालयहरु अति आवश्यक सेवा बाहेक बुधबार एक दिनका लागि बन्द गरिएको छ।

दिवंगत रायको दुई छोरा, दुई छोरी र श्रीमति छन्। दुवै छोरा विदेशमा रहेको र आएपछि मात्रै सदगत गरिने वडा नं. ५ का वडा अध्यक्ष ललन प्रसाद राउतले जानकारी दिए।

# हेलिकप्टरमा जन्ती जाने संस्कृतिको अन्त्यको माग

काठमाडौं २१ चैत (रासस)।

प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा सांसदहरूले विवाह समारोहको विकृतिदेखि सडक, स्वास्थ्य, शिक्षा, कृषि र किसानका समस्यालगायत जनसरोकारसँग जोडिएका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

सांसद मनिष झाले तराई-मधेससहित देशका विभिन्न स्थानमा वैवाहिक समारोह संस्कृतिभन्दा पनि तडकभडक विकृत संस्कृतिका रूपमा गइरहेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले फिल्मी शैलीमा हेलिकप्टरमा जन्ती लैजाने गतिविधिले सामाजिक रूपमा आर्थिक दायित्व बढ्नुका साथै गाउँ बस्तीमा हेलिकप्टरको हावाले घरहरूमा क्षति पुऱ्याउने गरेको बताउनुभयो।

उहाँले विवाहका नाममा हल्दी, मेहन्दीजस्ता गतिविधिले दुलहीको माइतीमा आर्थिक दायित्व बढ्ने गरेको, गाउँबस्तीमा हेलिप्याड पनि नहुने भएकाले उडान सुरक्षामा समेत चुनौती थपिएका यसलाई यसप्रकारका गतिविधिलाई तत्काल रोक्न आग्रह गर्नुभयो।

# गण्डकीमा नयाँ सरकार गठनका लागि आह्वान

कास्की, २१ चैत (रासस)।

गण्डकी प्रदेशमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गर्नुभएको छ। मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुधबार बिहान पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा, १६८ को उपधारा (२) बमोजिम सरकार गठनका लागि आह्वान गर्नुभएको हो।

प्रदेश प्रमुखको कार्यालयले प्रेस विज्ञप्ति जारी गरी आगामी चैत २७ गते दिउँसो ३ बजेभित्र मुख्यमन्त्री दावी गर्न समय दिइएको जनाएको छ। संविधानको धारा, १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मिति २०८० चैत २७ गते मङ्गलबार दिउँसो ३ बजेभित्र गण्डकी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि आफ्नो दाबी पेस गर्न आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले बताउनुभयो।

यसैगरी, अर्को मन्त्रिपरिषद् गठन नभएसम्म संविधानको धारा, १६९ को उपधारा (३) बमोजिम यही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्ने गरी प्रदेश प्रमुखले तोक्नुभएको पनि जारी विज्ञप्तिमा उल्लेख छ।

गण्डकी प्रदेशसभामा कूल ६० सदस्य छन्। यहाँ सरकार गठनका लागि ३१ सदस्यको समर्थन आवश्यक पर्दछ। यस प्रदेशसभामा नेपाली कांग्रेसका २७, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २२, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सभामुखसहित आठ, राप्रपाका दुई र स्वतन्त्र एक सदस्य छन्।

## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।

डढेलोले,
➢वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➢वातावरणीय प्रदूषण बढाउँछ,
➢भूक्षय बढाउँछ,
➢पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा एक वृद्धाको शव फेला, हत्या आशंकामा युवक पक्राउ

सर्लाही, २१ चैत (रासस)।

सर्लाहीको बागमती नगरपालिकास्थित जिरायतमा एक वृद्धा आफ्नै घरमा मृत फेला परेकी छिन्। मङ्गलबार राति बागमती नगरपालिका-४, जिरायत निवासी ७० वर्षीया पार्वती महतो आफ्नै घरमा मृत फेला परेकी हुन्। घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरीका प्रमुख प्रहरी उपरीक्षक दयानिधि ज्ञवाली र इलाका प्रहरी कार्यालय हरिवनका प्रमुख अनिलराज गिरीको टोली घटनास्थल पुगेको थियो।

प्रहरीले घटना शङ्कास्पद देखिएको जनाएको छ। प्रारम्भिक अनुसन्धानका क्रममा वृद्धाको हत्या भएको शङ्का लागेकाले अनुसन्धानका लागि एक युवकलाई समेत नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक ज्ञवालीले जानकारी दिनुभयो। घटनाका विषयमा थप अनुसन्धान भइरहेको उहाँको भनाइ छ।

मृतक वृद्धाको अनुहारमा चोट देखिएको र नजिकै रगत लागेको अवस्थामा काठको टुक्रा पनि बरामद भएको प्रहरीले जनाएको हो। प्रहरीले सिसी क्यामेराका आधारमा अनुसन्धान गर्दा अन्दाजी २८/३० वर्षका युवक पक्राउ परेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ।

अनुसन्धान नसकिएकाले युवकको परिचय गोप्य राखिएको प्रहरीले जनाएको हो। वृद्धाको शव शवपरीक्षणका लागि जिल्लास्थित प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको प्रहरीले जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडामा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*